गण्डकी प्रदेश,नेपाल
Gandaki province, Nepal

चापाकोट नगरपालिका
Chapakot Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
चापाकोट,स्याङ्जा
Chapakot ,Syangja
स्था-२०७३
Est 2073

प.स/Letter No: ०७५/७६-075/76
च.न/Ref No:

## प्रेस विज्ञप्ती

**आदारणीय नगरवासी आमावुवा, दाजुभाई तथा दिदीवैनीहरु,**

२०७१ साल वैशाख २५ गते नेपाल सरकरार द्धारा घोषणा गरिएको यस चापाकोट नगरपालिका स्याङ्गजा जिल्लाको दक्षिणी भुभागमा अवस्थीत छ । स्थापना कालमा साविक रत्नपुर, चापाकोट र कुवाकोट गा.वि.स गाभेर १४ वटा वडामा विभाजित यस नगरपालिका २०७३ साल फागुन २७ गते नेपाल सरकार संघियतामा जाने निर्णय गरेलगत्तै साविक मल्यांकोट, शाँखर र सेखाम गा.वि.स गाभेर १० वटामा विभक्त यस नगरपालिकाको आफ्नै छुट्टै पहिचान र अस्तित्व छ । नेपाल सरकारले स्थानिय तहको निर्वाचन गर्ने घोषणा संगै मिति २०७४ साल वैशाख ३१ गते भएको स्थानिय तहको निर्वाचनमा विजयी भएका जनप्रतिनिधिहरु यस नगरपालिकाको समग्र विकास निर्माण, शिक्षा, स्वास्थ्य, रोजगार, कृषि, शान्ति सुरक्षा तथा अमनचयन र जनताको हितमा काम गर्न अहोरात्र खटिएको व्यहोरा समेत सहस्र जानकारी गराउदछौ ।

**आदरणीय नगरवासीहरु,**

जनताको हितमा अहोरात्र खटेर विकास निर्माण तथा सम्वृद्ध चापाकोट नगरी निर्माण गर्न खटिएका जनप्रतिनिधिहरु माथि यहि मिति २०७५ फागुन २२ गते कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित समाचार प्रति यस नगरपालिका, नगरकार्यपालिको कार्यालय गहिरो दुख प्रकट गर्दै खेद व्यक्त गर्न चाहान्छ । उक्त पत्रिकामा प्रकाशित समाचार ***वडा अध्यक्षद्धारा हातपात*** भन्ने समाचार प्रति यस नगरपालिका ज्यादै स्तव्ध छ साथै उक्त कपोलकल्पित र भ्रामक समाचार प्रति सम्वद्ध सरोकारवालाहरु सवैमा हामी घोर भर्त्सना गर्न चाहान्छौ । सत्यतथ्य र खोजमुलक एवम् व्यवहारीक समाचार सम्प्रेषण गर्ने अभिभारा लिएको राज्यको चौथो अंग पत्रकारीता लाई यथार्थ र सत्यतथ्य समाचार प्रकासन तथा प्रशारण एवम स्थलगत निरीक्षण गरि घटनाको वारेमा यथार्थ चित्रण गर्न समेत हामि हार्दिक अनुरोध गर्दछौ । आपसी समझदारी र छलफलमा भएको उक्त जग्गाको विवाद वारे भएको गम्भिर छलफल, चर्काचर्की र भनाभनलाई निराधार हतियार वनाई सस्तो लोकप्रियताको लागि वनाईएको उक्त भ्रामक र कपोलकल्पित समाचार प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । उक्त विवादको विषयमा वाहीरी संचारमाध्यम तथा पत्रपत्रिकाहरुमा आएको समाचार निराधार, कपोलकल्पित र भ्रामक भएको तथा हल्लाको पछाडि नलाग्न तथा यथार्थ के हो सो को पहिचान गरि समस्याको समाधान गर्न सहयोग गर्न सम्वद्ध सवैमा हामी हार्दिक अनुरोध गर्दछौ ।

शिव कुमार गिरी
नगर प्रमुख

Scanned by CamScanner